गाउँकार्यपालिका बैठक क्रम संख्याः २९
बैठक मितिः २०८१।०५।३०
बैठक स्थानः सिम्रुतु खारानेटा
बैठकको अध्यक्षताः गणेश कुमार के.सी.

यस त्रिवेणी गाउँकार्यपालिकाको बैठक देहाय बमोजिम कार्यपालिका सदस्यहरूको उपस्थितिमा बसी, तपशिल बमोजिमका प्रस्तावहरूमा छलफल/अन्तरक्रिया/समिक्षा तथा निर्णय पारित गरियो।

उपस्थितिः

| सि.नं. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | गणेश कुमार के.सी. | गाउँपालिका अध्यक्ष | | |
| २ | राजकुमारी रेउले | सदस्य (गाउँपालिका उपाध्यक्ष) | | |
| ३ | सुन्दर ओली | सदस्य (१ नं. वडाध्यक्ष) | | |
| ४ | मोतिराम पुन | सदस्य (२ नं.वडाध्यक्ष) | | |
| ५ | दिपेन्द्र कुमार ओली | सदस्य (३ नं. वडाध्यक्ष) | | |
| ६ | नन्नराम बाँठा | सदस्य (४ नं. वडाध्यक्ष) | | |
| ७ | रण बहादुर पुन | सदस्य (५ नं. वडाध्यक्ष) | | |
| ८ | भद्र बहादुर सिर्पाली | सदस्य (६ नं. वडाध्यक्ष) | | |
| ९ | धन बहादुर खड्का | सदस्य (७ नं. वडाध्यक्ष) | | |
| १० | नन्दराम खड्का | सदस्य (८ नं. वडाध्यक्ष) | | |
| ११ | हरि बहादुर खड्का | सदस्य (९ नं. वडाध्यक्ष) | | |
| १२ | शेरमान खड्का | सदस्य (१० नं.वडाध्यक्ष) | | |
| १३ | जनक कुमार विश्वकर्मा | गाउँ कार्यपालिकासदस्य | | |
| १४ | लक्ष्मण कामी | गाउँ कार्यपालिकासदस्य | | |
| १५ | प्रेमा ओली | गाउँ कार्यपालिकासदस्य | | |
| १६ | चाँदनी पुन | गाउँ कार्यपालिकासदस्य | | |
| १७ | विष्णु सुनार | गाउँ कार्यपालिकासदस्य | | |
| १८ | देवकुमारी वुढाथोकी | गाउँ कार्यपालिकासदस्य | | |
| १९ | प्रेम बहादुर घर्ती | गाउँ कार्यपालिका सचिव एवं प्रमुख प्रशासकिय अधिकृत | | |

CamScanner

## कर्मचारी तथा अन्य उपस्थितिः

| सि.नं. | नाम, थर | पद/ठेगाना | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | सन्तोषि ओली | वडा सदस्य -९ | | |
| २ | अमर ब पुन | योजना शाखा | | |
| ३ | प्रदिप मल्ल | इन्जिनियर | | |
| ४ | दिपक केसी | अमिन [illegible] | | |
| ५ | चन्द्रलाल डाँगी | प्रशासन अधिकृत प्रमुख | | |
| ६ | सुरेन्द्र खत्री | जिन्सी शाखा | | |
| ७ | महेश [illegible] | कार्यालय सहयोगी | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तिमुतु, खारानेटा मकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

CamScanner

२९ औं बैठक

कार्यपालिका बैठक मितिः २०८१।०५।३०

तिजेपी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिपुड, धारापोखरा कर्णाली प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरु**

१. आ.व. २०८१।०८२ योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

२. खाराखोला र कुनवाङ खोला पुल सम्बन्धमा।

३. नगर प्रहरी पठ्यक्रम सम्बन्धमा।

४. घर विदा स्वीकृत सम्बन्धमा।

५. असाधारण विदा सिफारिस सम्बन्धमा।

६. घर नक्सापास कार्यविधि संशोधन सम्बन्धमा।

७. कर्मचारी जिम्मेवारी तोक्ने सम्बन्धमा।

८. पेश्कि फर्छ्यौट सम्बन्धमा।

९. विविध सम्बन्धमा।

(क) लाभग्राही अनुमोदन गर्ने सम्बन्धमा।

(ख) कर संकलक कर्मचारी व्यवस्थापन सम्बन्धमा।

(ग) खानेपानी चौकीदार ज्यालादिरीमा लिने सम्बन्धमा।

(घ) छानविन समिति गठन गर्ने सम्बन्धमा।

प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

गणेश कुमार के.सी.
अध्यक्ष

**निर्णय नं. १–** त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक योजना तथा कार्यक्रम अन्तरगतका योजनाहरुको कार्यान्वयनका लागी उपभोक्ता समिति गठन तथा ठेक्का प्रक्रिया तत्काल अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई अख्तियारि दिने निर्णय पारित गरियो।

**निर्णय नं. २–** त्रिवेणी गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रम अनुसार प्रदेश शसर्त अनुदान अन्तरगत खाराखोला पुल निर्माण र कुनवाङ खोला पुल निर्माण योजनामा ४०/४० लाख बजेट विनियोजन भई आएकोमा सो बजेट पुल निर्माण गर्न नपुग हुने भएकोले उक्त बजेटले सोही ठाउँमा कल्भट निर्माणका गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई अख्तियारी दिने निर्णय पारित गरियो।

**निर्णय नं. ३–** त्रिवेणी गाउँपालिकाको गाउँ प्रहरी पाठ्यक्रमको प्रस्तावित खाका तयार भई पेश भएकोले उक्त पाठ्यक्रमको प्रस्तावित खालाई स्वीकृत गरी गर्ने निर्णय पारित गरियो।

**निर्णय नं. ४–** त्रिवेणी गाउँपालिकाको घर नक्सापास कार्यविधि संशोधन सम्वन्धमा थप अध्ययन गरि अर्को कार्यपालिकाको बैठकमा पेश गर्ने दिने निर्णय पारित गरियो।

**निर्णय नं. ५–** त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय युवा खेलकुद तथा शिक्षा शाखामा कार्यरत अधिकृत छैटौं श्री ओविराम रोकाले दिएको निवेदन अनुसार निजामति सेवा ऐन तथा नियमावली बमोजिम असाधारण विदा स्वीकृतिका लागी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश विरेन्द्रनगरमा सिफारिस गरी पठाउने निर्णय पारित गरियो । साथै अन्धनाशक माध्यमिक विद्यालय विद्यालय खुम्चेरीमा प्रा.वि. तृतीय पदमा कार्यरत शिक्षक श्री विर बहादुर ओलीको असाधारण विदा स्वीकृतिको लागी सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय पारित गरियो।

**निर्णय नं. ६–** त्रिवेणी गाउँपालिका अन्तरगत युवा खेलकुद तथा शिक्षा शाखामा कार्यरत अधिकृत छैटौं श्री ओविराम रोकाले आफ्नो असाधारण विदा समाप्त भएकोले ४५ दिन घरविदा माग निवेदन पेश गरेकोले उक्त विदा स्वीकृतिका लागी प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय पारित गरियो।

**निर्णय नं. ७–** त्रिवेणी गाउँपालिकाको प्रशासन शाखा प्रमुख श्री चन्द्रलाल डाँगीलाई सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा प्रमुखको रुपमा थप जिम्मेवारी तोक्ने निर्णय पारित गरियो।

**निर्णय नं. ८–** त्रिवेणी गाउँपालिकाको आ.व. २०७८।०७९ को स्वीकृत बजेट तथा कार्यक्रमवाट संचालन हुनेगरी त्रिवेणी गाउँपालिका वडा नम्वर २ सिम्रुतु रुकुम पश्चिम स्थित कार्यालय रहेको सिम्रुतुखोला जलविद्युत सहकारी संस्था लिमिटेडको सिम्रुतुखोला जलविद्युत परियोजनाको नाममा बजेट शीर्षक कायम भै संघीय शसर्त अनुदान मार्फत रु १,००,००,००० अक्षरुपी एक करोड बजेट विनियोजन भई उक्त सहकारी संस्थाको नाममा पेश्की भुक्तानी भएकोमा सहकारी संस्थाले पेश गरेको परियोजना प्रस्तावना प्रतिवेदन बमोजिम सिभिल बैंकवाट लिएको ऋण चुक्ता भुक्तानी लगायत अन्य कार्यमा तपशिल बमोजिम खर्च गरी उक्त पेश्कि रकम फर्छ्योयोट गरिदिनुहुन भनि श्री सिम्रुतुखोला जलविद्युत सहकारी संस्था लिमिटेड त्रिवेणी २ सिम्रुतु रुकुम पश्चिमका अध्यक्ष श्री लक्ष्मण ओली लगायतका व्यक्तिहरुले मिति २०८१।०५।१७ गतेका

प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

गणेश कुमार के.सी.
अध्यक्ष

CamScanner